# नेपाल राजपत्र

## भाग २

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**खण्ड ३०] काठमाडौं, जेठ १६ गते २०३७ साल [ अतिरिक्ताङ्क ६**

श्री ५ को सरकार

**कानून तथा न्याय मन्त्रालय**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३७ सालको अध्यादेश नं. १

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## वाक् तथा प्रकाशन स्वतन्त्रता सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना : नेपालको संविधानले सबै नेपाली नागरिकलाई वाक् तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र विना हातहतियार भेला हुने स्वतन्त्रता प्रदान गरेको, र

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय जनमत संग्रहको परिप्रेक्ष र सन्दर्भमा त्यस्तो स्वतन्त्रता उपभोग गर्नको लागि प्रचलित कानूनको बन्देजबाट छुट प्रदान गरिबक्सेको, र

स्वस्थ प्रजातान्त्रिक अभ्यासको लागि मर्यादित तथा तथ्यपूर्ण आलोचना र प्रत्यालोचना गर्ने परम्परा बसाल्न त्यस्तो स्वतन्त्रताको हकको उपभोग गर्न पाउने व्यवस्था गर्न एवं शान्ति र व्यवस्था कायम राख्न तत्काल केही कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "वाक् तथा प्रकाशन स्वतन्त्रता अध्यादेश, २०३७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्वतन्त्रताको उपभोगः (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको संविधानको व्यवस्थाको अधीनमा रही नेपाली नागरिकले आफ्नो विचार वा धारणा संयमपूर्वक अभिव्यक्त गर्न गराउन पाउनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि लेख, टीकाटिप्पणी, आलोचना वा समालोचना लेख्न वा प्रचार गर्न गराउन तथा शान्तिपूर्वक र विना हातहतियार आमसभा वा बैठक गर्न पाउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले देहायको कुनै काम कुरा गर्न पाउने छैनः–

(क) राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन, संघ, संस्था खोल्न, खोलाउन वा चलाउन वा त्यस्ताको अप्रत्यक्ष अस्तित्व देखाउन,

(ख) कुनै राजनैतिक दल वा संस्थाको नामबाट वा त्यस्ता दल वा संस्थालाई बुझाउने कुनै नामबाट प्रचार प्रसार गर्न वा वक्तव्य दिन वा कुनै कुरा छाप्न वा प्रकाशन गर्न,

(ग) प्रचारको सिलसिलामा कसैलाई गाली बेइज्जती वा मानहानी गर्न,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) चरित्र हत्या गर्ने नियतले कसैलाई अनुचित लाञ्छना लगाउने,

(ङ) असत्य, काल्पनिक वा अतिरञ्जित घटना देखाई भ्रमात्मक आधारबाट प्रचार गर्ने ।

(४) कसैले पनि सार्वजनिक सभा वा बैठक गर्दा वा पोष्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्दा वा भित्तामा लेख्ने जस्ता काम स्थानीय प्रशासनद्वारा तोकिएको स्थान वा समयमा बाहेक अन्य स्थान वा समयमा गर्न पाइने छैन ।

३. प्रचलित कानून वखिलाप काम कुरा गर्नमा बन्देजः दफा २ मा लेखिएको कुनै कुराले पनि कुनै पनि व्यक्तिलाई देहायको कुनै कुराको कुनै किसिमले प्रचार गर्न गराउन वा देहायको कुनै काम कुरा गर्न गराउन छूट दिएको मानिने छैनः—

(क) श्री ५ महाराजाधिराज, राजगद्दी उत्तराधिकारी तथा राजपरिवारका अन्य सदस्यप्रति घृणा, द्वेष, भ्रम वा अवहेलना हुने वा लाञ्छना लाग्ने कुरा,

(ख) देशको सार्वभौमसत्ता, अविभाज्यता र राष्ट्रिय एकतामा आँच आउने कुरा,

(ग) देशको सुरक्षा र शान्तिव्यवस्था खलल हुने कुरा,

(घ) नेपाल अधिराज्यको परराष्ट्र नीतिमा खलल हुने कुरा,

(ङ) विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीचको सुसम्बन्धमा प्रतिकल असर पर्ने कुरा,

(च) शाही नेपाली सेना वा प्रहरी वा सरकारी कर्मचारीलाई आफ्नो कर्तव्यबाट विचलित गराउने कुरा,

(छ) यस अध्यादेशले गर्न दिएको जतिमा बाहेक कसैले पनि प्रचलित नेपाल कानूनले प्रतिबन्ध लगाएको वा प्रचलित नेपाल कानून अन्तर्गत अपराध ठहर्ने कुनै काम ।

४. दण्ड सजायः (१) कसैले यस अध्यादेशद्वारा मनाही गरिएको वा बन्देज लगाइएको कुनै काम कुरा गरेमा वा गर्ने प्रयत्न गरेमा निजले यस अध्यादेश अन्तर्गत कसूर गरेको मानिनेछ ।

(२) यस अध्यादेश अन्तर्गत कसूर ठहर्ने कुनै काम गरेमा त्यस्तो कसूरको सम्बन्धमा प्रचलित नेपाल कानूनमा कुनै सजाय तोकिएको भए सोहीबमोजिम सजाय हुनेछ र सजाय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नतोकिएको भए छ हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुनेछ।

(३) यस अध्यादेश अन्तर्गतको मुद्दामा कारवाही र किनारा गर्ने अधिकार अञ्चलाधीशलाई हुनेछ र सोबमोजिम कारवाई र किनारा गर्दा अञ्चलाधीशलाई नेपाल विशेष अदालत ऐन, २०३१ अन्तर्गत गठित अदालतलाई भए सरहको अधिकार हुनेछ।

(४) यस अध्यादेश अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची–१ मा समावेश गरिएको मानिनेछ।

५. अध्यादेश बमोजिम हुने: प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेशमा लेखिएको कुरा जतिमा सोही बमोजिम हुनेछ।

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति: २०३७।२।१६।५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग